

स्वरसम्राट्
नारायणगोपाल
प्रकाश सायमी

SIRJANĀ
The Journal of Arts and Art Education
Vol. XI, 2025: 94-103
Sirjana College of Fine Arts

# *स्वरसम्राट् नारायणगोपाल* निबन्ध कृतिमा जीवनीपरकता

**डा. गीता थपलिया त्रिपाठी**

## लेखसार

*'स्वरसम्राट् नारायणगोपाल' (वि. सं. २०८१) गायक नारायणगोपालका जीवनका विविध आयाम र तिनै आयामभित्रबाट प्रसिद्धि आर्जन गरेको उनको गायक र गीतसङ्गीतसम्बन्धी विशिष्टता हासिल गरिएको व्यक्तित्वका विषयमा लेखक प्रकाश सायमीद्वारा लेखिएको कृति हो । प्रस्तुत अध्ययन यस कृतिमा आएका जीवनीका समग्र पाटाहरूको विश्लेषण गर्ने उद्देश्यमा आधारित रही पूरा गरिएको छ । महत्त्वपूर्ण मानिसका विषयमा लेखिने विवरणसहितको विश्लेषणलाई जीवनी भनिन्छ । यहाँ महत्त्वपूर्ण मानिस भन्नाले प्राप्ति र योगदानका आधारमा गरिने मूल्याङ्कन हो । जीवनी लेखन नेपाली साहित्यमा पछिल्लो समयमा निकै फस्टाएको विधा समेत हो । नेपालका ख्यातिप्राप्त गायक नारायणगोपालका विषयमा लेखकको अनुभव, अध्ययन र नारायणगोपालका परिवार, उनका समकालीन र सहकर्मी व्यक्तिहरूसँगको कुराकानी र अन्तर्वार्तासमेतमा आधारित रहेर हालसम्म प्राप्त सामग्रीका विश्लेषणका आधारमा विश्वसनीयता दिने प्रयत्नसहित यो तथ्यपूर्ण जीवनी तयार पारिएको देखिन्छ । यसबाट नारायणगोपालको जीवनीका विस्तृत आयामहरू नियाल्न सहयोग पुगेको, नेपाली सङ्गीतका निम्ति उनले गरेका सङ्घर्ष, जीवन-परिवेश (परिवार, तत्कालीन, समाज, संस्कृति, राजनीति र प्रविधिसम्म), उठान र आरोह-अवरोहसहित उनका विशिष्ट प्राप्तिको उत्खनन् र अन्वेषण भएको निष्कर्ष निकालिएको छ ।*

**सूचक शब्दहरू :** आरोह–अवरोह, इतिहास, जीवनीपरकता, योगदान, स्वरसम्राट्

## विषयपरिचय

गायक तथा सङ्गीतकार नारायणगोपालका साङ्गीतिक कर्मका विविध आयामहरू छन् । उनले प्रसिद्धि पाएको व्यक्तित्वमा केन्द्रित रहेर कृतिकार प्रकाश सायमीले *स्वरसम्राट् नारायणगोपाल* (वि. सं. २०८१) शीर्षकको जीवनी तयार पारेका हुन् । सायमी नेपाली सिनेमा, सङ्गीत र साहित्यका स्वयम् पनि स्थापित सर्जकरहेका र समीक्षात्मक-आलोचनात्मक दृष्टि राख्ने व्यक्तित्व समेत भएकाले उनले समय-सन्दर्भ र प्रसङ्गहरूमा नारायणगोपालसम्बन्धी धेरै फुटकर कार्यहरू गर्दै आएका छन् र यस कृतिमार्फत उनले नारायणगोपालका जीवनीका विविध आरोह र अवरोहजन्य सङ्गीत यात्रालाई पूर्णतामा नियाल्ने प्रयत्न गरेका छन् ।

नेपाली जनजनका हृदयमा बसेका लोकप्रिय गायक सङ्गीतकार नारायणगोपालका विषयमा

भएका किंवदन्तीजस्ता लाग्ने यथार्थहरूको समेत उल्लेख गरिएको पाइएकाले यस अध्ययनमा गीतसङ्गीतका सबल व्यक्तित्व नारायणगोपालको जीवनका बाल्य, किशोर, युवा र वयस्कका पाटाहरूमा निरन्तर जागृत र उत्प्रेरित भएको साङ्गीतिक यात्राको स्वरूप यस कृतिमा उल्लेख गरिएका आधारमा विश्लेषण गर्ने प्रयास यस अनुसन्धानपरक आलेखमार्फत गरिएको छ ।

## अध्ययनविधि

जीवनीको ढाँचामा लेखिएको *स्वरसम्राट् नारायणगोपाल* कृतिभित्र जीवनीपरकताको स्थिति के कस्तो रहेको छ भनी मूल्याङ्कन गर्नका लागि कृतिमा आएका जीवनीका विविध पक्षलाई प्राथमिक सामग्रीका रूपमा सोद्देश्य चयन गरी पाठपरक विश्लेषण गरिएको छ । जीवनी लेखनको सैद्धान्तिक मान्यतालाई विश्लेषणका पर्याधार निर्माणको आधार मानिएको छ ।

## जीवनी लेखनको सैद्धान्तिक पक्ष र विश्लेषणका पर्याधार

कुनै व्यक्तिको जन्मदेखि मृत्यु पर्यन्तका विभिन्न महत्त्वपूर्ण घटनाक्रमहरूलाई समावेश गरेर लेखिएको वृतान्त नै जीवनी हो, जुन स्वयम् व्यक्तिले तयार पार्छ भने आत्मकथा बन्छ त अरु कोही व्यक्तिले तयार गर्छन् भने त्यसलाई जीवनी भनिन्छ । जीवनी नितान्त व्यक्तिकेन्द्री हुन्छ । जीवनीमा व्यक्ति विशेषको आन्तरिक र बाह्य दुवै व्यक्तित्वको तथ्यपरक ढङ्गवाट विश्लेषण गर्दै उसको जीवनका अथदेखि इतिसम्मका वृतान्त प्रस्तुत गरिन्छ र उससित सम्बन्धित अनेक विशेषताहरूको उद्घाटन गरिन्छ । साथै यसमा जीवनी नायकका ती विशेषताहरूको परस्पर सम्बद्धता र एकसूत्रता कायम रहन्छ, (तिवारी, सन् १९६८, पृ. २७२) ।

जीवनी लेखनका लागि जीवनीकारले जीवनी लेख्ने व्यक्तिका बारेमा खोज तथा अन्वेषण गर्नुपर्छ । जीवनी लेखनमा निजात्मकता, भावना र कल्पनाको महत्त्व हुँदैन । जीवनी पूर्णतया वस्तुनिष्ठ लेखन हो ।

जीवनकै सेरोफेरोमा संरचित हुने जीवनीलाई अङ्ग्रेजी भाषामा *'बायोग्राफी'* भनिन्छ । *'बायो'* र *'ग्राफिया'* दुई ग्रीसेली शब्दको योग नै 'बायोग्राफी' हो । *बायो* ले जीवन र *ग्राफियाले* लेखनलाई बुझाउने हुँदा जीवनको लेखन नै जीवनी लेखन वा जीवनी हो भन्ने विचारसँग अध्येताहरु सहमत हुन सकिने देखिन्छ । जीवनीका संरचनागत विशेषतालाई नियाल्दा अनुसन्धानात्मकता, आख्यानात्मकता र इतिहासपरकताको त्रिवेणीमा यो विधा सहजरूपमा प्रवाहित भएको पाइन्छ । जीवनीका तत्त्वहरु पात्र, घटना, परिवेश, उद्देश्य वा जीवनदृष्टि, भाषाशैली हुन् (थापा, २०५० चौ. संस्क., पृ. २२८) भनिएको पाइन्छ । यस हिसाबले भन्दा पात्र वा चरित्र जसलाई जीवनी नायक पनि भनिन्छ नै जीवनीको केन्द्रीय तत्त्व हो । उनैको व्यक्तित्व विकासका चरण र प्रक्रियाको अभिलेखन हुँदै योगदान र अवसानसम्मका सबै पक्षहरु जीवनीमा प्रस्तुत गरिन्छ ।

जीवनी लेखनमा घटनाका निश्चित छनोट पनि हुन सक्लान् तर घटनाहरु लेखनका निम्ति ऋतुजस्तै हुन्, त्यहाँ हुने मौसमका फेरबदलले सिर्जनाका स्वरूपहरु निर्धारित हुन्छन् ।

परिवेशले व्यक्ति जन्मेहुर्केको पारिवारिक, सामाजिक-सांस्कृतिक वातावरणलाई बुझाउँछ । चरित्रको विकास र मनोविज्ञान अनि ऊभित्रको प्रतिभाले पाएको फैलिने अवसर यही परिवेशमै आधारित हुन्छ ।

भाषाशैली जीवनी लेखनको महत्त्वपूर्ण तत्त्व हो । सामान्य विषयलाई पनि आकर्षक, रोचक र जीवन्त बनाउने माध्यम नै भाषाशैली हो । लेखनलाई विवरणात्मक बनाउने कि पठनीय र मननीय बनाउने भन्ने कुरा भाषिक क्षमतामा

आधारित हुन्छ । त्यसैले भाषाशैली भन्नु लेखन, प्रकाशन, प्रसारण वा प्रस्तुतिका निम्ति विशिष्ट आधार हुँदै हो, त्यसमा व्यक्तिको जीवन लेख्ने विषय भएकाले जीवनीको भाषाले विषयलाई सफल वा असफल बनाउने क्षमता राख्ने हुँदा यसको जिम्मेवारी लेखकमा जान्छ ।

उल्लिखित तत्त्वका आधारमा *स्वरसम्राट् नारायणगोपाल* कृतिको विश्लेषण गरी जीवनी लेखनका कसीमा यस कृतिका विशेषताहरू र प्राप्तिहरूको मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।

## जीवनी लेखनका आलोकमा *स्वरसम्राट् नारायणगोपाल* कृतिको विश्लेषण

नेपाली गीतसङ्गीतका प्रसिद्ध व्यक्तित्व नारायणगोपाल (वि. सं. १९९३-२०४९) को जीवनीमाथि तयार पारिएको कृति *स्वरसम्राट् नारायणगोपाल* जीवनी साहित्यको एक दीर्घप्रतीक्षित कृति हो । यो कृति कृतिकार प्रकाश सायमीको खोजपूर्ण स्वभाव र पाठक-सर्जक समुदायभित्रबाट गरेको अपेक्षाको परिपूर्तिका निम्ति तयार पारिएको हो भन्ने कुरा कृति प्रकाशनपछि सामाजिक सञ्जालमा आएका धेरै पाठक प्रतिक्रियाहरूले पुष्टि गरेका छन् ।

गायक तथा सङ्गीतकार नारायणगोपालबारेको उक्त कृतिलाई उपशीर्षकहरूमा विभाजन गरेर लेख्ने क्रममा तिनलाई ससाना अनुच्छेद तथा थोरै पृष्ठहरूमा विभाजन गरिएको छ । ती उपशीर्षकहरू 'ओ चन्दनवाले', 'जन्म', 'पिताजीको सजाय', 'साङ्गीतिक मित्रभेट', 'मेकानिक कर्ममा युवाकाल', 'दार्जीलिङ : पहिलो प्रेमको अन्त्य', 'बरोदा कनेक्शन', 'दार्जीलिङ : १९६४', 'नयाँ गीत नयाँ यात्रा', 'दार्जीलिङ : चिनारी हाम्रो धेरै पुरानो...', 'काठमान्डू : २०२४', 'शास्त्रीय सङ्गीतबाट पुनर्वास', 'मितेरी सङ्गीतको युग', 'मितज्यू नाइट काठमान्डूमा', 'मितज्यू नाइटपछिको विवाद', 'शुटकेशसहितको यात्रा', 'शुभविवाह', 'पोखरा प्रवास', 'डेराको जीवन', 'चलचित्रमा पहिलो गायन', 'एउटा सपनाको अवसान', 'बागीना प्रकाशन', 'अरूणा लामा सहयोग साँझ', 'प्रहरीसहितको गाडीमा यात्रा', 'महाप्रबन्धकको नयाँ अवतार', 'मध्यान्तर पश्चात्', 'मातृभाषाको गायनबाट पलायन', 'मालती मङ्गले', 'फिल्मी गायनमा नारायणगोपाल', 'ब्ल्यू नोट्स र रत्न रेकर्डिङ', 'स्टेजमा पुनरागमन', 'स्वर्णिम सन्ध्या', 'कवि गायक र जगदम्बाश्री', 'महाकविको सम्झना नारायणगोपाल', 'पहलमानका साथी भीम', 'दुई पाइन्टवाल र कट्टुवाल', 'कालीप्रसादको परिचय', 'दुई महाराजको कथा', 'तारादेवी', 'दोस्त दिलमाया', 'रेडियो नेपालसित दशवर्षे द्वन्द्व', 'गायनकाबारे नारायणगोपाल', 'नारायणगोपाल कस्ता थिए', 'अन्तर्वार्तामा असहज व्यक्ति', 'अराजनीतिक व्यक्तित्व', 'यात्रामा', 'सर्वोत्कृष्ट गायकको पुरस्कार बहिष्कार', 'चेसका उस्ताद', 'भूकम्पका बेलामा सडक यात्रामा', 'उर्वसीको सम्पादकीय', 'स्वरसम्राट्को घोषणा', 'गीतियात्रा', 'रोगको आक्रमण', 'वीर अस्पताल भर्ना', '२०४७ मङ्सिर २०', 'प्रज्ञा भवन', 'अन्तिम विदाइ', 'एउटी आमा सधैँ रून्छे छोराको सपना विपनामा', 'निधनपछि नारायणगोपाल' गरी ५९ वटा उपशीर्षकहरूमा प्रस्तुत गरिएका छन् ।

नारायणगोपालको जीवनका अनेक आरोह अवरोहका अनेक आयामहरू छन् । उल्लिखित उपशीर्षकहरूले पनि उनका ती आयामहरूलाई सम्बोधन गर्ने र समेट्ने कोसिस गरेको देखिन्छ । मानवको जन्मदेखि मृत्युसम्मको समयावधि र त्यस अवधिभित्र घटेका घटनालाई सामान्य रूपमा जीवन भनिन्छ र सोही जीवनका घटनाक्रमको समष्टिलाई जीवनी भनिन्छ (प्रधान, २०४४, पृ. २८) ।

यस अध्ययनमा स्वरसम्राट् नारायणगोपाल कृतिमा आएका जीवनी नायक र उनीसित गाँसिएका घटनाक्रम, परिवेश तथा भाषाशैलीका माध्यम हुँदै मूलतः आज जनमानसले स्वरसम्राट्

का रूपमा सम्मान गरेका गायकको जीवनीका विविध पाटाहरू र सफलताका रहस्यमय कर्महरूको प्रकाशन गर्ने उद्देश्यअनुसार कृति लेखनको अभीष्ट पूरा भएको देखिन्छ ।

**पात्रत्वका आधारमा *स्वरसम्राट् नारायणगोपाल***

प्रस्तुत कृतिमा स्वरसम्राट् नारायणगोपालकै नायकत्व रहेको छ । एउटा कलाकारका रूपमा र एउटा आम मानिसका रूपमा पनि नारायणगोपालले सतप्रतिशत बाँच्ने प्रयत्न गरेको देखिन्छ । वाचाल र अनेक कमजोरीसहितका लोकप्रिय गायकको जीवनीका विविध कोणहरू यस कृतिमा प्रस्तुत गरिएका छन् । उनकै जीवनको केन्द्रीयतामा संरचित कृति भएकाले यसमा नारायणगोपालको व्यक्तित्व विकासका चरणहरूलाई रोचक र विश्वसनीय किसिमले प्रस्तुत गरिएको छ । जीवनीका प्रकारहरूमा कलाकारको जीवनी निकै संवेदनशील र आकर्षक हुने हुँदा यसको प्रभाव सर्वग्राह्य हुन्छ । एउटा व्यक्तिविशेषको जीवन वृत्तान्त नै जीवनी हो (बेक्सन र गन्ज, सन् १९६२, पृ. १८) भनिए तापनि त्यस व्यक्तिको जीवनलाई विशेष बनाउने पात्रहरूको संलग्नता उत्तिकै महत्त्वका हुन्छन् ।

*स्वरसम्राट् नारायणगोपाल* कृतिको आरम्भमै उनलाई 'चन्दनवाले' भनेर सम्बोधन गर्ने उस्ताद भगतसिंहको उपस्थिति छ । हिन्दी चलचित्र 'चन्दन' हेरेबाट बनेको व्यक्तित्वको एक रोचक प्रसङ्ग यसैमा रहेको छ । यस प्रसङ्गको कारणमा नारायणगोपालको अभिनयकलाबाट बनेको व्यक्तित्वलाई सार्वजनिक गरेर उनी अभिनय, गायन र क्यारिकेचरमा समेत निपूण रहेको जानकारी दिइएको छ । यस प्रसङ्गले नारायणगोपालकालीन प्रतिभाले कलाकारिताको विकासमा चलचित्रको उल्लेख्य योगदान रहेको पुष्टि गर्छ । यसरी नै रेडियोमा बज्ने गीतहरूले उनको अभ्यन्तरमा लुकेको रूचिलाई प्रकट हुने बाटो देखाइदिएको कुरा यस कृतिमा उल्लेख छ ।

*स्वरसम्राट् नारायणगोपाल* कृतिमा नारायणगोपालको व्यक्तित्वलाई उजागर गर्न परिवार, नाताकुटुम्ब, साथीसहकर्मीदेखि थुप्रै पात्रहरूको आबद्ध उपस्थिति गराइएको छ । उनको जन्म कला र अनुशासनले बनेको उस्ताद/थानेदार आशागोपाल गुरूवाचार्यका माहिला सन्तानका रूपमा सिराहाको भगवान्पुरमा वि.सं. १९९६ असोज १८ गते भएको भन्ने जन्मस्थानसम्बन्धी नयाँ तथ्यसमेत यसकृतिमार्फत सार्वजनिक भएको छ । ध्यूप्रेमी पिताका सङ्गीतप्रेमी सन्तान भएकाले नारायणगोपालले गरेको ढिलासुस्ती र त्यसबाट पिताका काममा बाधा पुगेपछि धेरै सजाय दिन्थे भनिएको छ ।

बाल्यकालीन व्यक्तित्व निर्माणमा उनको शैक्षिक यात्राले नयाँ मोड दिएको देखिन्छ । सिराहाबाट काठमाडौँ आएपछि परिवार र आफन्तले उनको नाम सानुबाबु राखेको देखिन्छ । तिनै सानुबाबुमा उदार व्यक्तित्व विस्तारित हुँदै गएको कुरा यस साक्ष्यमा प्रकट भएको छ :

> राणाकालमा कठोर थानेदार पिता । प्रजातन्त्रोदयपछि आजादीमा हुर्केका खुल्ला विचारका नारायणगोपाल । यी दुई पिता पुत्रका बिच विचार र विश्वासको फरक एकातिर थियो भने कर्तव्य र जिम्मेवारीको बोध पनि अर्कोपट्टि बढ्दै थियो (पृ. ३१)

शास्त्रीय गायनका उस्ताद बाबु र आधुनिक गीत गायनतिर अभिरूचि राख्ने नारायणगोपालबिच गीतको चयनमा पनि समझदारी बन्न सकेन । यसरी नारायणगोपालले जुन क्षेत्र, जुन स्वाद र सिप दिन चाहे, त्यसमा परिवार (बुबा) को सहयोग र समर्थन रहेन । नारायणगोपाल यसरी स्वनिर्णयको बाटोबाट साङ्गीतिक क्षेत्रमा पसेका हुन् । साङ्गीतिक भेटभित्र माणिकरत्न,

गणेशप्रसाद, हुतराम, भृगुरामसहितका मित्रहरूको चर्चा रहेको छ, जसले नारायणगोपालको सङ्गीत यात्रामा साथ दिए । उनलाई काठमाडौँदेखि दार्जिलिङसम्मका थुप्रै हितैषीहरूले नारायणगोपाल बन्न सघाए । नवकला सङ्गीत समूहको सहकार्य पनि सम्भव भयो ।

बेबीबाट ब्युँझेको र पेमलाबाट सफलतामा परिणत भएको प्रेमले नारायणगोपाललाई घृणा छोडेर सद्भावको बाटो हुँदै श्रोताको निकट पुऱ्याएका हुन् । त्यही बाटोमा उनका गीतका आलापहरू उत्तरोत्तर गुन्जिए र मानिसका मनमुटु झङ्कृत हुँदै नेपाली गीतसङ्गीतलाई विश्वभाषाको तरङ्गमा बगाएर आफू स्वयम्को महाप्रस्थानमा आफैले गाएका गीतका सम्वेदनामा सारा जगत्को हृदय हल्लाइदिए । उनको पात्रत्वको अन्तरविकासमा आएका सहयात्रीदेखि मलामीसम्म नै उनको अपूर्व व्यक्तित्वको साक्षी पात्रहरू भए –

*'जीवनबाट धेरै धेरै नै थाकेर म मुर्दा भएको तिमी आज हेर'* होस् वा *'श्रद्धाको फूल चढाइदिनु आएर लासमा, नपाए फूल भैगयो तिमी रोइदिनु आशमा'* ।

तथ्यमाथि आधारित भएर व्यक्ति जीवनका घटना, सङ्घर्ष, उठान र आरोह अवरोहको सजीव प्रकटीकरण हुने भएकाले जीवनी प्रत्येक पाठकका लागि प्रेरक पठन पनि हो (त्रिपाठी, २०७६, पृ. ८१७) ।

उल्लिखित गीतहरूले नारायणगोपालको जीवनका अन्त्य र अमरताको एकसाथ आभास गराउँछ । गीत छनोट र जीवनदर्शनप्रतिको सचेतता प्रस्ट हुन्छ । जीवनी जाति वा समुदायगत नभएर सधैँ व्यक्तिगत हुन्छ । वस्तुपरकताको मात्रा निबन्धका अन्यविधामा भन्दा जीवनीमा धेरै हुन्छ । अतीतलाई अतीतकै सापेक्षतामा मूल्याङ्कन गरिने जीवनी विधामा जीवनी लेखक इतिहासकार बन्छ (ज्ञवाली, २०८१, पृ. १४९) । *स्वरसम्राट् नारायणगोपाल* कृतिभित्रका विषद पात्रताको जमघटलाई लेखक सायमीले यसै मान्यतामा आधारित भएर न्यायपूर्वक तर सङ्क्षिप्तमा विकसित गरेका छन् । जीवनी लेखकले आफ्नो चरित्रनायकका गुणदोषमा समन्वय गरेर आफ्नो तटस्थताको परिचय दिन्छ तैपनि उसको दृष्टि गुणहरूमा बढी रहन्छ (पृ. १४९) तर लेखक सायमीले भने स्वरसम्राट्का स्वभाव र सम्वेदनालाई आलोचनात्मक दृष्टिबाट नै प्रस्तुत गरेका छन् ।

## घटनाका आधारमा स्वरसम्राट् नारायणगोपाल

जीवन घटनाहरूको समष्टि हो । जन्म र मृत्युको दुई फलकभित्र मानिसका पलक्षणहरू अनेक आख्यानात्मक उपस्थितिले भरिएको हुन्छ, त्यस उपस्थितिमा अस्तित्वमा आइरहने घटनाहरूको घनत्वले नै व्यक्तिलाई वैयक्तिकताबाट सर्वोच्चतातिर अभिमुख गराउँछ । वास्तविक जीवनी त्यही हुन्छ, जसमा जीवनीकारले जीवनी–सामग्रीका विभिन्न स्रोतहरूबाट सङ्कलित तथ्यहरूको समुचित प्रस्तुतीकरणमा विशेष ध्यान दिनुका साथै आफ्नो रचनालाई प्रामाणिक एवम् सम्यक् जानकारी हुनु जरूरी हुन्छ (बराल र अन्य, सम्पा., २०७९, पृ. ३३३) ।

नारायणगोपालका जीवनमा पनि घटनाका केही सूक्ष्म त केही स्थूल मोडहरू आएको कुरा जीवनी लेखकले उल्लेख गरेका छन् । पहिलो घटना उनको जन्म र हुर्काइको परिवेशबिच रहेको छ । उनको स्कुले शिक्षा र रूचिका प्रभावकारिताहरूबिचको द्वन्द्वको स्थिति पनि यसैमा जोडिएको छ । नवकला सङ्गीत समूहको परिकल्पना र सहकार्य सुगम सङ्गीतमा निरन्तर लागिरहनका निम्ति उनको जीवनकै पहिलो महत्त्वपूर्ण घटना थियो भन्न सकिन्छ । यसैले उनलाई रेडियो नेपाल पुऱ्याएर स्वर परीक्षा पास हुने अवस्था निर्माण गऱ्यो ।

अर्को घटना उनको हेटौँडाको जागिर थियो । आरटिओमा गाडीको अप्रेन्टिस काममा

लागेपछि उनलाई भारतीय मूलको हाकिम धरमपालले गाडीको काम गर्दा पनि गीत गाउन हौस्याए । त्यहीं उनको कवि तथा गीतकार क्षेत्रप्रताप अधिकारी, भीमविरागलगायतसँग भेट भयो । उनले आफ्नो आधुनिक गीतगायनको चाहनालाई गोरेटोबाट राजमार्ग बनाउने मौका पाए । यस्ता ससाना घटनाहरूले जीवनलाई अनेक टुक्रामा विभाजित गरे पनि व्यक्तित्व निर्माणमा भने प्रत्यक्ष परोक्ष ढङ्गबाट सघाई नै रहे । उनको गायनयात्रालाई बरोदा सङ्गीत विश्वविद्यालयमा अध्ययन गर्नका निम्ति पाएको छात्रवृत्तिले गहिराइमा पुऱ्यायो । शास्त्रीय सङ्गीतको ज्ञान लिएर आधुनिक गीतको विरासत बनाउने उद्देश्य लिएका नारायणगोपालले चुनिएका गीत रचनाकारहरूतिर आफ्नो खोज जारी राखे र एकदिन ईश्वरवल्लभलाई खोज्दै दार्जिलिङसम्म पुगे । कृतिमा यो घटनालाई उचाइ यात्राको अन्तिम खोज मान्न सकिने सन्दर्भसहित प्रस्तुत गरिएको छ । यसरी दार्जिलिङ, ईश्वरवल्लभ र मितेरी सङ्गीतको सम्भ्रान्त इतिहास बनाउन नारायणगोपाल र गोपाल योञ्जनको मितेरी साइनोमा जोडिएका नगेन्द्र थापाको संसाथ अर्को विशेष घटना हुनपुग्यो । त्यसयताको गीतसङ्गीत यात्रा आरोह र अवरोह हुँदै पुनः पुनः उचाइतिरै हिँडेको कथा यस कृतिमा प्रशस्त उल्लेख गरिएको छ ।

## परिवेशका आधारमा *स्वरसम्राट् नारायणगोपाल*

जुन वातावरणमा जीवनी नायकको जीवन चेतना र व्यक्तित्व निर्माण हुन्छ, त्यही नै जीवनी लेखनको सैद्धान्तिक आधारहरु मध्ये एक रहेको छ – परिवेश । परिवेशले स्थान, समय र परिस्थितिलाई एकसाथ बुझाउँछ । जीवनीको परिवेश काल्पनिक हुँदैन, न त भोगाइहरु नै असत्य हुन्छन् । सत्य तथ्यका आधारमा अतितको उद्खनन् गर्दै व्यक्तिको व्यक्तित्वका विशिष्टताहरूलाई निरूपण गर्ने काम जिम्मेवारपूर्ण जीवनीका सन्दर्भमा लागू हुन्छ । नारायणगोपाल जुनबेला जन्मिए, त्यससमय देशमा राणाशासन व्याप्त थियो र जनताहरु विरोधमा सङ्गठित हुँदै गएको समयसमेत थियो । उनी जुन समुदायमा जन्मी हुर्किए र जहाँ जन्मिए, त्यो पनि एकप्रकारले उनको स्वभाव र मनोविज्ञान निर्माण हुने कारण थियो । सिराहाको भवानीपुर हुँदै काठमाडौँको किलागल र त्यस वरपरको बस्ती र सङ्गतिले नारायाणगोपाललाई कलाको बाटोमा हिंड्न प्रेरित गरेको छ । देशमा प्रजातन्त्रको उदय हुनु र स्वतन्त्रताको गीत गुन्जिनुका साथसाथै स्वतन्त्रताका निम्ति समर्पित कवि लेखकका शब्दहरूमा आवाज दिने अवसर र रूचि बन्दै जानुले पनि नारायणगोपालको सोच र सामीप्य आफ्नो अनुकूल बन्दै गएको देखिन्छ । रेडियो नेपालजस्ता सञ्चार माध्यमको असहयोग समेत झेल्दै उठेको नारायणगोपालको व्यक्तित्व प्राविधिकदेखि प्रशासकसम्म हेलिँदै पनि उनको खोजी विशिष्ट शब्द चयन, विशिष्ट सङ्गीत निर्माण र विशिष्ट गायनका निम्ति नै समर्पित भइरहेको देखिन्छ । अर्कोतिर नारायणगोपालको आन्तरिक मानस परिवेश र बाह्य सामाजिक राजनीतिक र सांस्कृतिक परिवेशले सहज बाटोलाई सङ्घर्षतिर मोड्दै लगेको पनि कृतिमा उल्लेख भएको छ । उनको गीति सिर्जनको परिवेश भने निकै अनुकूल देखिन्छ । रत्नशमशेर थापा, ईश्वरवल्लभ, भूपी शेरचन, गोपाल योञ्जन, लक्ष्मीप्रसाद देवकोटा हुँदै दिव्य खालिङ र दिनेश अधिकारीसम्मका गीतमा जुन खालको साङ्गीतक ऐश्वर्यको अनुभूति प्रकट गरेका छन्, त्यसका निम्ति नारायणगोपाल आफूले प्राप्त गरेको परिवेशभन्दा निकै माथि उठेका साधक हुन् ।

## जीवनदृष्टि

अध्ययन, यात्रा र विधागत सत्सङ्ले नारायणगोपालको सङ्गीत चेतना उच्चस्तरको थियो । उनले सङ्गीतलाई आफ्नो जीवनको सामान्य घटना मानेनन्, त्यस समय उनले

कोशिस नगरेको भए आज नेपाली सङ्गीतको यो उदात्तता यसरी विस्तारित हुने र सम्मानित हुने अवसरबाट कहीं न कहीं बञ्चित हुने नै थियो । कुनै पनि कृतिमा प्रकट हुने जीवन चेतना नै जीवनदृष्टि हो । यो कहिले लेखकका चिन्तन र सामाख्यानबाट प्रकट हुन्छ भने कहिले चरित्रको चरित्राङ्कनका सन्दर्भमा उसका मान्यताहरु प्रकट गर्ने सन्दर्भमा प्रस्तुत हुन्छ । जीवनी तृतीय पुरूष दृष्टिविन्दुमा लेखिने हुँदा लेखनमा आक्कल झुक्कल आवश्यकताअनुसार प्रयोग गरिने संवादमा लेखकको जीवनदृष्टि पाउन सकिन्छ । जीवनीमा चरित्रनायकको जीवनको सोझो चित्रण मात्र गरिँदैन, बरू उसले परिवार, समाज, देश, विश्वका सापेक्षमा उसको शिक्षा, यात्रा, यौनिकता र अभिरूचिका तहहरूको पनि प्रकटीकरण गरेको हुन्छ (ढकाल, २०८१, पृ. ११८) । यसअनुसार नारायणगोपालका दृष्टिकोणहरु उनका भनाइका माध्यमबाट भन्दा पनि उनका शब्द र सङ्गीत चयनबाट ज्यादा प्रकट भएको देखिन्छ । यस कृतिमा भूमिकाखण्डभन्दा पहिले नारायणगोपालले आफ्नो गायनका सन्दर्भमा प्रस्तुत गरेका गीति चेतनासहितको जीवनदृष्टि यसरी प्रस्तुत गरिएको छ :

"मलाई केवल जनताको सहानुभूति भए पुग्छ, कारण म जनताको लागि मात्र गाउँछु ।" यस भनाइमा नारायणगोपालको जीवनदृष्टि सचेत रूपमा प्रकट भएको छ । उनले मागेको सहानुभूति दयाको अर्थमा नभएर न्यायको अर्थमा हो भन्ने कुरा प्रा.डा. अभि सुवेदीले पनि बारम्बार उल्लेख गरेका छन् । रेडियो नेपालले नारायणगोपाल र गोपाल योञ्जनहरूका गीत रेकर्ड र प्रसारण नगरेका बेला आफूहरु दबाब दिन कैयौं पटक रेडियो नेपाल धाउनुपरेको भन्ने अभि सुवेदीको सन्दर्भले उक्त न्यायिक अभिमतलाई पुष्टि गर्छ ।

व्यक्ति नारायणगोपाल र व्यक्तित्व नारायणगोपाल दुई दृष्टिबाट यस कृतिमा प्रस्तुत गरिएका छन् । व्यक्तिभित्रका सीमित तृष्णाहरु उनीभित्र पनि नभएका होइनन्, जुन कुरा सायमीले शिष्टतापूर्वक प्रस्तुत गरेका छन् भने व्यक्तिलाई बिर्सिएर नेपाली गीतसङ्गीतका निम्ति उनले रोजेको कठिनाइको बाटो नै उनको समष्टिगत जीवनदृष्टि पनि हो । त्यो बाटो भनेको उत्कृष्टताका निम्ति सम्झौताहीन अवस्था हो । उनले गीतका गहनतालाई पक्रिए, जीवन यापनका सम्भाव्य सहजतालाई होइन । उनी शब्द र तालका, नायकी र गायकीका सबल पात्र हुन् । यी विषयहरु *स्वरसम्राट् नारायणगोपाल* कृतिमा प्रशस्त उल्लेख गरिएका छन् । जीवनीको उद्देश्य चरित्रनायकको जीवनका सम्पूर्ण पक्ष कृतिमार्फत खुलासा गर्नु नै हो । त्यसहिसाबले भन्दा यस जीवनी कृतिमा नेपाली जनजनका हृदयमा बसेका प्रसिद्ध गायक नारायणगोपालको स्वरसम्राट् यात्रा र साहित्यकार शिव अधिकारी हुँदै अभिनेता हरिहर शर्माले आजभन्दा ३६ वर्षअघि र उनी बित्नुभन्दा चार वर्षअघि आम श्रोता समक्ष दिएको यो उपाधिबाट वास्तवमै आज यस कृतिको शीर्षक रहनु युग सापेक्ष आवश्यकता भन्न सकिन्छ ।

### भाषाशैली

भाषाशैली प्रकाशनको माध्यम हो, यो मूर्त र अमूर्त दुवै स्थितिमा प्रयोगमा आइरहेको हुन्छ । *स्वरसम्राट् नारायाणगोपाल* कृतिभित्र प्रयुक्त भाषाशैलीले पाठकलाई पाठसँग निरन्तर बाँधिराख्ने क्षमता राख्छ । यहाँ छोटा र मध्यम आयामका वाक्यगत संरचनाहरु रहेका छन् भने ससाना अनुच्छेदले पाठलाई बोझिल हुनदिएको छैन । नारायणगोपालको व्यक्तित्वलाई अझ बोधगम्य बनाउन आएका उनका समकालीन मित्रहरूका भनाइलाई प्रत्यक्ष कथनमा राखेर नाटकीयता प्रदान गरिएकाले यो एकप्रकारले

अझ आस्वाद्य र अझ विश्वसनीय बनेको छ । सङ्गीतको समाधीमा पुगेको भाषाको एउटा नमुना यस्तो रहेको छ :

> त्यो एक अर्कै समय थियो । रमाइलो । नारायणदाइ अनेक गर्न मनपराउने व्यक्ति । एकदिन, दिन पनि नभनौँ राति, उहाँले हामीलाई अम्बर दाइ, दिलमाया खाति, अरूणा लामा, पूर्ण परियार सबै लाई नरसिंह  चोकको डेरामा खाना खान निम्त्याउनुभयो । केही बेरमा गीत सङ्गीत सुरू भयो । गीत अलि चर्को हुँदै गएपछि नारायणदाइले 'यहाँ गाएको गीत सबैले सुन्न पाउनुपर्छ' भनेर घरको सबै झ्यालढोका खोलिदिनुभयो । चकमन्न रातमा सर्वत्र सुनसान थियो, नारायणदाइको डेरामा रातभर गाना-बजाना चलिरह्यो । थाहै भएन, यो क्रम बिहान चार बजे गएर रोकियो । कति गीत गाइयो, कस्ता कस्ता गीत गाइए . . . । तर नारायणदाइले त्यो रात सुन्नु मात्र भो, गाउनु भएन । (पृ. १३३)

कृतिभरिमा यसै ढाँचाका कथनहरु प्रशस्त प्रयोग गरिएका छन् । गायन र सङ्गीत आफैमा बहुआयामिक विधा हुन् । ती आयामभित्र प्रवेश गरिसकेपछि विषयले नै सहकार्यको माग गर्छ । नारायणगोपालले आफ्नो गायनप्रतिको गहिरो अभिरूचिका कारणले मात्र होइन, नेपाली सङ्गीतको विस्तारका निम्ति पनि रातरातभर गाउन लगाएर आफ्ना समकालीन र अनुज पुस्ताका गीत श्रवण गर्ने धैर्य राख्थे भन्ने कुरा उल्लिखित सन्दर्भमा प्रकट भएको छ । प्रसारणका सीमित स्रोतहरूमा पहुँच नहुनु र तिनमा पनि गुट र फुटको स्थिति हाबी भएका हुँदा शास्त्रीय र लोकगीतका धुनभित्र छोपिएको आधुनिक शैलीलाई उजागर गर्न समाजमा पुऱ्याउनु पनि आवश्यक थियो, त्यसैले पनि घरका झ्याल ढोका खोलेर मध्येरातको शुन्यतामा गीतको प्रत्यक्ष प्रसारण गर्न चाहे होलान् ।

नारायणगोपालका साङ्गीतिक गतिविधिलाई गहिरिएर विश्लेषण गर्नका निम्ति यस जीवनीभित्र लेखक सायमीले प्रशस्त सङ्केतहरु दिएका छन् । टोमालिनको जीवनी लेखनका सन्दर्भमा बेन्टोनले जीवनी लेखनमा पाइने नाटकीय, गतिशील र गम्भीर शैलीका विषयमा चर्चा गरेका छन् (सन् २००९, पृ. २२) ।

यी विशेषता पाइने यस कृतिमा भाषिक दृष्टिकोणले विश्लेषणात्मक भन्दा बढी सूत्रात्मक रहेको छ, विवरणात्मक भन्दा बढी घटनाप्रधान र गुणात्मक रहेको छ । जीवनीको आरम्भ र कतिपय संस्मरणयुक्त सन्दर्भमा सायमीले पूर्वदीप्तिको प्रयोग पनि गरेका छन् । यसले गर्दा लेखनलाई नाटकीय, गतिशील र गम्भीर बनाएको छ ।

विषयअनुसारको शब्द चयन र परिवेश अनुसारको आख्यानात्मकता पनि यस कृतिको अर्को रोचक शैली हो । स्वरूचिको प्रकाशनका निम्ति गर्नुपरेको एकल निर्णय र सङ्घर्षको लामो सिलसिलामा नारायणगोपालका अभिव्यक्तिहरु आदर्श नहुन सक्छन्, त्यसैले पनि यस कृतिमा आदर्शको जलपभन्दा यथार्थको अन्वेषण गर्ने हुटहुटी देखिन्छ । जीवनीको ढाँचामा संरचित यस कृतिको आन्तरिक ढाँचामा पनि जीवनीपरकता नै झल्किन्छ । सङ्गीतको बाटोमा निषेधहरु फुकाउँदै स्वेच्छाचारीजस्तो भएर युगीन मूल्यको खोजी गर्ने गायकका जीवनका दुखाइहरु कतै तस्बिरले बोलेका छन् त कतै शब्दको सम्वेदनामाथि तरङ्गित भएका छन् ।

## निष्कर्ष

जीवनीपरकताका आधारमा *स्वरसम्राट् नारायणगोपाल* कृति महत्त्वपूर्ण कृति भएको यस अध्ययनको निष्कर्ष रहेको छ । यस कृतिमा मुख्य पात्र नेपाली गीत सङ्गीतका प्रसिद्ध व्यक्तित्व नारायणगोपालका जीवनका विविध पक्षहरूलाई सटिक रूपमा प्रस्तुत गरिएको छ ।

उनको व्यक्तित्व निर्माणमा उनको बाल्यकालदेखिका कैयौँ साना-ठुला घटनाक्रमहरूले सिर्जना गरेका मोड र यात्राका विषयमा यस कृतिमा रोचक शैलीमा वर्णन गरिएको छ । उनको जन्म र बाल्यकालका विषयमा अनुसन्धान गरी नयाँ तथ्यसमेत प्रकाशित गरिएको यस कृतिमा काठमाडौँ सहर भित्रको किलागल र त्यस वरपर बसोबास गर्ने नेवार समुदायबिचको सामाजिक सम्बन्ध, तत्कालीन राजनीतिक परिवेश तथा नारायणगोपालभित्र जागृत भइरहेको कलातर्फको आकर्षणलाई लेखक सायमीले मिहिन र विश्वसनीय किसिमले प्रस्तुत गरेका छन् । जीवनी लेखनमा चयन गरिएका व्यक्तिको निजी जीवनकथाले प्रश्रय पाउने भए तापनि साङ्गीतिक सहकार्यका निम्ति दार्जिलिङ र अध्ययनका निम्ति बरोदा सङ्गीत विश्वविद्यालयका महत्त्वपूर्ण पक्षहरूको अन्तर्विकासबाट नेपाली सङ्गीतमा साधनारत कलात्रयी (कवि/गीतकार, सङ्गीतकार र गायक) हरूको लोभलाग्दो सामूहिकतालाई यस जीवनीमा अन्योन्याश्रित पात्रताका रूपमा प्रस्तुत गरी जीवनी लेखनको नैतिक जिम्मेवारीलाई अधिकांशतः निर्वाह गरेको देखिन्छ । यसरी नै जीवनी नायकको समग्रतालाई कतै आख्यानपरक, कतै नाटकीय त कतै निबन्ध/नियात्रापरक ढङ्गले प्रस्तुत गरी पठनलाई सुस्वाद्य बनाइएको छ । जीवनीको आदि, मध्य र अन्त्यको परम्पर ागत विवरणधर्मी लेखनभन्दा यसमा सिर्जनात्मक गद्यका माध्यमबाट इतिहासको पुनर्लेखनमा शोधपरकतालाई अबलम्बन गरिएकाले यसको प्रस्तुतीकरणमा मौलिकता देखिन्छ । जीवनीका स्रोतका रूपमा जीवनभित्रै रहेका जन्म, जन्मस्थान र पारिवारिक पृष्ठभूमि र परिचय हुँदै अभिरूचि र उद्देश्यको बाटो पहिल्याउँदै हिँड्दाका सङ्घर्ष, त्याग, योगदान र प्राप्तिका विषयहरूलाई यस कृतिमा महत्त्वका साथ प्रस्तुत गरिएको छ ।

यसरी नै चरित्रनायकको धनात्मक र ऋनात्मक दुवै स्वाभाविक चरित्रलाई उजागर गर्दै अन्ततः रोगसँग लड्नु र असफल हुनुका विडम्बनाबिच एउटा प्रख्यात व्यक्तित्व जगत्लाई आँसुमा डुबाएर महाप्रस्थान जानुका भयावह विम्बहरूसँगै तस्बिरहरूको सङ्कलन र योगदानको मूल्याङ्कनसमेतलाई सूत्रबद्ध प्रस्तुति गरी तयार भएको 'स्वरसम्राट् नारायणगोपाल' कृति जीवनीपरकताको कसीमा उल्लेखनीय प्राप्ति भएको छ ।

## सन्दर्भ सामग्री


Beckson, K. & Ganj, A. (1962, fifth edition). *A Reader Guide to Literary Terms.* New York: The Noonday Press.

Benton, M. (2009). *Litarary Biography : An Introduction.* London : Willy Blackwell.

त्रिपाठी, गीता (२०७६) । *माध्यमिक कालका अन्य गद्य विधाको इतिहास ।* जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास (दोस्रो ठेली) । ललितपुर : जगदम्बा प्रकाशन ।

ज्ञवाली, विष्णु (२०८१) । *संस्मरण-साहित्यको सैद्धान्तिक स्वरूप. आख्यानेतर गद्यविधाको सैद्धान्तिक स्वरूप* (सम्पा. प्रा. डा. गोपीन्द्र पौडेल, प्रा.केशव सुवेदी). काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रधान, भिक्टर (२०४४) । *नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना ।* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

ढकाल, रजनी (२०८१) । *जीवनीको सैद्धान्तिक स्वरूप ।* आख्यानेतर गद्यविधाको सैद्धान्तिक स्वरूप (सम्पा. प्रा. डा. गोपीन्द्र पौडेल, प्रा. केशव सुवेदी) । काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बराल, ईश्वर र अन्य सम्पा. (२०७९). नेपाली साहित्यकोश (दो. संस्का) । काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सायमी, प्रकाश (२०८१) । *स्वरसम्राट् नारायणगोपाल ।* काठमाडौँ : काठमाडौँ पब्लिकेशन ।